**निर्णयहरु**

**निर्णय नं. १**- चुरे गाउँ कार्यपालिकाको नवौं कार्यपालिका बैठकको समिक्षा गर्दा यस अधि भए गरेका निर्णयहरु प्रमाणित भई कार्यान्वयनमा रहेको र कार्यान्वयनको अवस्था सन्तोसजनक रहेको ।

**निर्णय नं. २** आथिक बर्ष २०८२/०८३ को बार्षिक बजेट निर्माणको लागि सम्पूर्ण वडा कार्यालय तथा पालिका विषयगत शाखाहरुले मिति २०८२ जेठ १० गते भित्र योजना तथा कार्यक्रमको रुपरेखा पेश गर्नुका साथै योजना माग गरीसक्ने।

**निर्णय नं. ३** आ.व. २०८१/०८२ को बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत वडा नं. १ को ५०% अनुदानमा विउँविजन वितरणको लागि उपभोक्ता बाट संकलित ५०% रकमलाई समेत बजेटमा समावेश गरी उक्त विउँविजनको भुक्तानी दिने।

**निर्णय नं. ४** वडा नं. ३ निवासी श्री प्रमिला बोहराले निर्माण गर्दै गरेको भवनको सुपरस्ट्रकचर निर्माणको लागि अनुमती प्रदान गर्ने।

**निर्णय नं. ५** चुरे गाउँपालिकाको स्थानीय आपतकालिन संचालन केन्द्र निर्माणको लागि नेपाल राष्ट्रिय समाज कल्याण संघ NNSWA महेन्द्रनगरलाई कोठा उपलब्ध गराउने।

**निर्णय नं. ६** चुरे गाउँपालिकामा विपत पुर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्य गर्नका लागि नेपाल राष्ट्रिय समाज कल्याण संघ महेन्द्रनगर द्वारा संचालन हुने प्रशिक्षण तालिममा प्रत्येक वडा बाट १२/१२ जना सहभागी गराउने तथा वडा नं. २ र ४ , १ र ३ र ५ र ६ का तीन टोली बनायर पायक पर्ने स्थानमा तालिम संचालन गर्ने।

**निर्णय नं. ७** चुरे गाउँपालिकाको अपाङ्गता परिचय पत्र वितरण स्थानीय समन्वय समितिका सदस्य श्री मनिषा बि.क. गौतम देश बाहिर जानु भएको हुँदा निजको ठाउँमा कार्यपालिका सदस्य श्री कलावती बि.क. लाई नियुक्त गर्ने।

**निर्णय नं. ८** स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार सामुदायिक वन उपभोक्ता समुहले आफुले विक्रि वितरण गरेका वन जन्य बस्तु काठ, दाउरा बेचविखन बाट प्राप्त आम्दानीको १० % रकम स्थानीय संचित कोषमा जम्मा गर्नुपर्ने कानुनी व्यवस्था रहेकोमा सुदूरपश्चिम प्रदेश सरकारले सुदूरपश्चिम प्रदेश वन ऐन , २०७७ जारी गर्दै सो रकम स्थानीय तहलाई नदिई प्रदेश सरकारलाई एकमुष्ठ २५% बुझाउनुपर्ने र पछि सुदूरप्श्चिम प्रदेश सरकारले प्रत्येक स्थानीय तहलाई सोको १०% रकम पठाउने भनि कानुनी व्यवस्था उरेको हुँदा चुरे गाउँपालिका भित्रका सामुदायिक वन उपभोक्ता समितिले जम्मा गरेको रकमको १०% रकम यथासिघ्र पालिकामा पठाउनको लागि सुदूरपश्चिम प्रदेश सरकारलाई लेखी पठाउने।

**निर्णय नं. ९** चुरे गाउँपालिकामा बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत गाउँपालिकाको खाद्य सुरक्षा सम्बन्धी कार्यको समन्वयको जिम्मेवारी स्वास्थ्य शाखालाई दिने।

**निर्णय नं. १०** खेलको माध्यमबाट चुरे गाउँपालिकालाई सुदुरपश्चिम प्रदेशमा चिनाउन तथा डडेल्धुरा जिल्ला भलिवल संघ द्वारा मिति २०८१ चेत्र १५-१७ गते सम्म आयोजना गरिएको अन्तरपालिकी भलिवल प्रतियोगितामा प्रथम स्थान

Scanned with CamScanner

हाँसिल गरेका खेलाडी तथा प्रशिक्षक सहित १५ जनालाई जनही रु. पाँच/ पाँच हजारका दरले पुरुस्कार दिने। साथै आर्थिक अवस्था कमजोर भएकी खेलाडी चुरे -१ निवासी श्री रिमा रोकामगरलाई रु. ५००००।० सहयोग गर्ने । र उक्त रकम गाउँपालिकाको अध्यक्ष भलिवल कपबाट भुक्तानी दिने।

निर्णय नं. ११ हावाहुरीले चुरे गाउँपालिका वडा नं. ६ को श्री सिद्ध आधारभुत विद्यालयको टिनको छाना उडाएको कारण विद्यालयमा पठनइपाठन संचालन गर्न गाह्रो भएको हुँदा उक्त उक्त छाना मर्मत गर्नको लागि के कती रकम आवश्यक पर्छ सोको लागि गाउँपालिका बाट प्राविधिक कर्मचारी पठाई प्राविधिक मुल्याङ्कन अनुसार कन्टेनजेन्सी रकमबाट भुक्तानी हुने गरी कार्य अगाडी बढाउने।

निर्णय नं. १२ आ.व. २०८१/०८२ को बार्षिक स्विकृत कार्यक्रम अन्तर्गत यस चुरे गाउँपालिका वडा नं. ५ को योजना खानीडाँडा देखी वडा कार्यालय सम्म सडक ग्राविल को शिर्षक परिवर्तन गरी ५ नं. वडा कार्यालयमा मेसिनरी वाल निर्माण भन्ने संसोधन गर्ने र सोही बमोजिम कार्यान्वयन गर्ने।

निर्णय नं. १३ चुरे गाउँपालिकाको आर्थिक सहायता ( वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम तपसिल बमोजिमका व्यक्तिहरुलाई देहाय बमोजिमको रकम आर्थिक सहायत प्रदान गर्ने।

तपसिलः

| | | | |
|---|---|---|---|
| १. | श्री किरण कुमार नेपाली | वडा नं.-१ | रु. २००००।०० |
| २. | श्री हर्क बोहरा | वडा नं. ४ | रु. १५०००।०० |

निर्णय नं. १४ सर्वाङ्गिण अपाङ्गता विकास समाज नेपालको कृषि लघु उद्यम कार्यक्रम अन्तर्गत यस पालिकामा रहेका अपाङ्गता भएका लघु उद्यमी कृषकलाई बाख्रा वितरण कार्यक्रम अन्तर्गत ग र घ बर्गको अपाङ्गता परिचयपत्र भएका ४० जना लघु उद्मीलाई बाख्रा वितरण गर्ने भनेकोमा प्रत्येक वडाबाट ६/६ जना र ४ जना गाउँपालिकाले छनौट गरी सिफारिस गरी सम्बन्धित ठाउमा पठाउने।

निर्णय नं. १५ चालु आ.व. २०८१/०८२ को बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत रहेको कला संस्कृती संरक्षण सम्बर्द्धन शिर्षकबाट चमेरु गुफा र राता पहिरो पर्यटन प्रवर्द्धन कार्यक्रमको लागि रु. १,५०,०००।०० विनियोजन गर्ने।

निर्णय नं. १६ चुरे गाउँपालिकाको लैंगिक समानता तथा सामजिक समावेसीकरण मुलप्रवाहीकरण रणनीती कार्ययोजना, २०८१ स्वीकृत गर्ने।

निर्णय नं. १७ आ.व. २०८१/०८२ को नेपाल सरकार संघीय सशर्त अनुदानबाट संचालन हुने गुरु किसान छनौट, नमुना बगैचा स्थापना तथा क्षेत्र विस्तार कार्यक्रम संचालनका लागि गुरु किसान छनौट तथा परिचालन कार्यविधि २०८१ अनुसार वडा नं. १ निवासी श्री देवराज सापकोटालाई छनौट गरी कार्यक्रम कार्यान्वयन गर्ने।

Scanned with CamScanner

**निर्णय नं. १८** चुरे गाउँपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्क्रम अन्तर्गत कृषि शाखाको ल्याव व्यवस्थापन शिर्षक अन्तर्गत रहेको बजेटबाट जि.पि.एस. उपकरण खरिद कार्य अगाडी बढाउने।

**निर्णय नं. १९** चुर गाउँपालिकाको विकासको कार्यलाई व्यवस्थित बनाउन तथा योजनाको प्राथमिकरणका आधारमा बजेट कार्यान्वयन गरी व्यवस्थित विकासलाई अगाडी बढाउन चुरे गाँपालिकाको आयोजना बैंक निर्माण गर्ने कार्य प्रक्रिया अगाडी बढाउने र साथै उक्त आयोजना बैंक निर्माण गर्नको लागि आ.व. २०८१/०८२ को स्वीकृ कार्यक्रम जनप्रतिनिधिहरुको क्षमता विकास तालिम शिर्षकमा रहेको रु. ४,००,०००।०० बाट रु. २,००,०००।०० दुईलाख छुट्याई सोको भुक्तानी दिने।

**निर्णय नं. २०** शिक्षा ऐन २०२८ को दफा ११ को 'ट' को उपदफा १ को (ङ) बमोजिम बमोजिमका सामुदायि विद्यालयका प्रधानाध्यापकहरु मध्ये तपसिलका विद्यालयका प्रधानाध्यापकलाई चुरे गाउँपालिकाको गाउँ शिक्षा समितिमा मनोनित गर्ने ।

१. श्री राज बहादुर ऐर- प्रधानाध्यापक ( श्री मसानी आ.वि. चुरे -५ गुणी)

Scanned with CamScanner